**जातीय समानताको प्रचारका लागि**
**विद्यमान तथा योजनाबद्ध उपायहरू**

**द हङकङ एकेडेमी फर गिफ्टेड एजुकेशन**

हङकङ एकेडेमी फर गिफ्टेड एजुकेशन लिमिटेड (शिक्षा अध्यादेश अन्तर्गत 'द हङकङ एकेडेमी फर गिफ्टेड एजुकेशन' को रूपमा दर्ता गरिएको) (HKAGE) 2007 मा समावेश गरिएको थियो र 2017 मा अनुदान प्राप्त संस्था बन्यो। HKAGE ले प्रतिभाशाली विद्यार्थीहरूलाई प्रोत्साहन र मार्गदर्शनका लागि रणनीतिक योजना र उपयुक्त कार्यक्रमहरूको वितरणको लागि प्रभावकारी ढाँचाले आफ्नो प्रकारको क्षेत्रीय केन्द्र बन्ने लक्ष्य राखेको छ, र उनीहरूका शिक्षकहरू र अभिभावकहरू साथसाथै हङकङ SAR भित्रका अन्य अनुसन्धानकर्ताहरू र सम्बन्धित संस्थाहरूलाई सहयोग प्रदान गर्ने लक्ष्य राखेको छ।

सम्बन्धित सेवाहरू

- HKAGE ले 10 देखि 18 वर्ष उमेरका प्रतिभाशाली विद्यार्थीहरूका लागि अफ-स्कूल-साइट (विद्यालय भन्दा बहिरको क्षेत्र) मा विविध विधा नेतृत्व, रचनात्मकता र अन्तरव्यक्तिगत सीप, गणित, विज्ञान, मानविकी, इत्यादि सिक्ने अवसरहरू प्रदान गर्दछ जुन उनीहरूको क्षमतामा पुग्न प्रोत्साहित गर्न साथै समग्र व्यक्ति विकास र समुदाय प्रति प्रतिबद्धता प्रवर्द्धन गर्नका लागि डिजाइन गरिएको छ ।
- HKAGE ले अभिभावकहरु, शिक्षकहरु र सामाजिक कार्यकर्ताहरूलाई परामर्श र मार्गदर्शन प्रदान गर्दछ, साथै विशेषज्ञ क्षेत्रहरूमा शिक्षकहरूका लागि प्रशिक्षण पाठ्यक्रमहरू पनि प्रदान गर्दछ ।
- थप रूपमा, HKAGE ले गिफ्टेड एजुकेशन हङकङमा दिगो वृद्धि र ज्ञानको उन्नतिको लागि उपयुक्त अनुसन्धान र विकास सञ्चालन गर्नेछ ।

विद्यमान उपायहरू

- HKAGE ले आफ्ना सेवाहरूको प्रावधानमा, अर्थात् विद्यार्थी, अभिभावक र अन्य सरोकारवालाहरूका लागि कार्यक्रमहरू र पाठ्यक्रमहरूमा चिनियाँ र अंग्रेजी प्रयोग गर्दछ ।
- हाम्रा सेवाहरूबारे जानकारी चिनियाँ र अंग्रेजी दुवै भाषामा HKAGE को वेबसाइटमा उपलब्ध छन् ।
- नामांकन फारमहरू र अन्य फारमहरू र जानकारी पुस्तिकाहरू चिनियाँ र अंग्रेजी दुवै भाषामा सर्वसाधरणका लागि उपलब्ध छन् ।
- HKAGE ले कुनै पनि प्रकारको भेदभाव हटाउन समान अवसर र यौन उत्पीडनको रोकथामका लागि दिशानिर्देशहरू स्थापना गरेको छ ।

HKAGE ले विभिन्न जातियहरुका सबै सेवा प्रयोगकर्ताहरूका लागि हाम्रा सेवाहरू पहुँच र प्रयोग गर्ने समान अवसर सुनिश्चित गर्दछ ।

- CHEER (अल्पसंख्यक जातीयहरुको लागि केन्द्र) द्वारा प्रदान गरिने भाषा सेवाहरूको उपलब्धताबारे प्रचार गर्न प्रतिक्षा हलमा पोस्टर प्रदर्शन गरिएको छ ।

भावि कार्यको मूल्याङ्कन

- हाम्रा सेवाहरूको सुधारहरूका लागि उपयुक्त भएमा त्रैमासिक रूपमा समिक्षा गरिनेछ ।
- हाम्रा सेवाहरूको निरन्तर सुधारका लागि विद्यार्थीहरु र अभिभावकहरु वा कुनै पनि सरोकारवालाहरूको प्रतिक्रिया वा सुझावहरूलाई विचार गरिनेछ ।

थप लिनु पर्ने/ लिइएको उपायहरू

- यदि अभिभावकहरुलाई साथ सहयोगको आवश्यकता परेमा, HKAGEले सहयोगको लागि उनीहरुका बालबालिकाका विद्यालयहरूसँग समन्वय गर्नेछ ।
- फ्रन्ट-लाइन कर्मचारीहरूलाई विभिन्न जातियका आवेदकहरू सँग आवश्यक पर्दा सहजरुपले संवाद गर्न CHEER द्वारा तयार गरिएको भाषा पहिचान कार्ड उपलब्ध गराइनेछ ।

जातीय समानताको प्रचारका लागि विद्यमान र योजनाबद्ध उपायहरूबारे सोधपुछको लागि, कृपया निम्न माध्यमहरू मार्फत सोधपुछको लागि मिस ग्रेस हुई (Ms Grace HUI), कर्पोरेट सेवा विभाग प्रमुखलाई सम्पर्क गर्नुहोस्:


| | | |
|---|---|---|
| टेलिफोन नं | : | (852) 3940 0501 |
| फ्याक्स नं | : | (852) 3940 0201 |
| ईमेल | : | academy@hkage.org.hk |
| पत्राचार ठेगाना | : | The Hong Kong Academy for Gifted Education<br>Sha Kok Estate,<br>Shatin,<br>New Territories,<br>Hong Kong. |


**द हङकङ एकेडेमी फर गिफ्टेड एजुकेशन**
**(The Hong Kong Academy for Gifted Education)**
**मे 2023**